**श्री सर्बोच्च अदालतमा चढाएको**
**रिट निबेदन**

**विषयः उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने आज्ञा वा आदेश जारी गरीपाउँ ।**

| | | |
|---|---|---|
| का.म.पा. वडा नं ७ मा अवस्थित जिल्ला प्रशासन कार्यालय, काठमाडौमा दर्ता (दर्ता नं. ४८४ दर्ता मिति २०७३।९।२६) भएको च्यामताङ काठमाडौ कल्याण समाजका अधिकार प्राप्त अध्यक्ष जिल्ला संखुवासभा, साविक चेपुवा गा.वि.स वडा नं ५ हाल परिबर्तित भोटखोला गा.पा. वडा नं २ बस्ने को छोरा ऐ ऐ बस्ने बर्ष.... को छिरिङ छेदर भोटे .................................... | १ | रिट निबेदक |
| जिल्ला संखुवासभा, साविक चेपुवा गा.वि.स वडा नं ५ हाल परिबर्तित भोटखोला गा.पा. वडा नं २ बस्ने वाङदा मझिया भोटे को छोरा ऐ ऐ बस्ने बर्ष ४९ को कर्मा भुटिया (भोटे)............. | १ | |
| विरुद्ध | | |
| सांग्रिला उर्जा प्रा.लि., अनामनगर–२९, का.जि. का.म.पा. वडा नं २९, अनामनगर, काठमाडौं नेपाल सम्पर्क नं (९८५११७५०१२, ९८५१३१३८४९)........................................................... | १ | प्रत्यर्थी |
| विद्युत विकास विभाग, का.जि. का.म.पा. वडा नं, सानो गौचरन काठमाडौं नेपाल । ......................................................... | १ | |
| नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग काठमाडौं, नेपाल ............. | | |
| उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार काठमाडौं नेपाल | | |
| बन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं नेपाल ....... | | |
| भोटखोला गा.पा.को कार्यालय, जिल्ला संखुवासभा .......... | | |

मुद्दाः उत्प्रेषण परमादेश

(क) हामी रिट निबेदकहरु निबेदन दस्तुर यसैसाथ संलग्न राखी निम्न लिखित निबेदन गर्दछौं ।

(१) हामी रिट निबेदकहरु  च्याम्ताङबासीको हक हित, त्यहाँको सामाजिक संस्कृति, वातावरण तथा जैबिक विविधतामा कार्यरत समुदायले स्थापना र संचालन गरेको च्याम्ताङ काठमाडौ कल्याण समाज...१, जिल्ला कार्यालय काठमाडौमा दर्ता (  ) रहेको सिङसा ल्होमिहरुको प्रतिनिधिमूलक संस्था ल्होमी सिङसा कल्याण केन्द्र.. १  र जिल्ला संखुवासभा साविक चेपुवा गा.वि.स. हाल परिबर्तित भोटखोला गाउँपालिका वडा नं २ च्याम्ताङ, थुदाम र रिदाकमा पुस्तौंदेखि स्थायी बसोबास गरी आएका नागरित्तामा भोटे र  नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजातिकोरुपमा अनुसूची १ मा ल्होमी (सिङसावा) समुदायकोरुपमा सूचिकृत मात्र १६१४ (जनगणना २०६८)  जनसंख्या रहेका दुर्गम भेगमा बसोबास गर्ने अति सीमान्तकृत समुदाय हुन् ।

हिमालमा उत्पन्न भई हाम्रो बसोबास भएको भूमि भएर बग्ने भोटखोला गा.पा. को  छुजुङ खोला र गैरकानूनीरुपमा छुनजम् खोला [1] लाई झुक्याई छुमछाम  खोल्सी भनी पानी प्रयोग गर्ने गरी प्रत्यर्थी सांग्रीला उर्जा प्रा. लि. ले  व्यापारिक प्रयोजनकालागि निर्माण गर्न लागेको, अर्ध जलाशययुक्त ६३ मेगावट क्षमताको छुजुङ खोला जलविद्युत र सो आयोजनालाई अन्य प्रत्यर्थीहरुले अनुमति तथा स्वीकृती दिई काम शुरु गरेकोले हामी रिट निबेदक तथा रिट निबेदकका समुदायको  जीविकोपार्जन, बसोबासबाट विस्थापन, धर्म, संस्कृति तथा आध्यात्मिकता, वातावरण, जैबिक विविधिता, पेशा ब्यावसायमा गम्भीर नकारात्मक असर पारेकोले नेपालको संविधान २०७२ (यसपछि संबिधान भनिएको) को धारा १६, ऐ. १७ (ङ)र (च), ऐ.धारा २६,ऐ धारा २७, ऐ धारा ३०, ऐ .धारा ३२, ऐ.धारा ३३, ऐ. धारा ३५(४), ऐ धारा ३६, ऐ, धारा ५१ (छ) (१), (६) ऐ धारा ५१ (छ), वातावरण संरक्षण ऐन, २०७६ को दफा २(च), (ञ), (ध), (फ), ऐ. दफा ४, ऐ.दफा ७, ऐ दफा २९, ऐ दफा ३०, ऐ.दफा ३५, ऐ दफा ३६ , वातावरण संरक्षण नियमावली २०७७, बन ऐन २०७६ को दफा ८, ऐ.दफा ४१, ऐ दफा ४२, भोटखोला गाउँपालिका, स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी ऐन, २०७८को दफा ३, ऐ दफा ५, ऐ. दफा १६ ऐ दफा १९, भोटखोला गाउपालिका लुङव साम्ब भूपरिधि जैविक–साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र ब्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ को नियम ५ (ठ),  (ड), (ढ), (त), ऐ.दफा १३, भोटखोला गाउँ स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी ऐन २०७८ को दफा ३ (ख), ऐ दफा ४ र नेपाल पक्ष रहेको वातावरण तथा विकास सम्बन्धी अन्तराष्ट्रिय कानून विपरित कार्य समेत प्रत्यर्थीहरुले गर्नु गराउनु भएकोले  रिट निबेदक र समुदायको अधिकार तथा बातावरण न्याय सुनिश्चित गर्न गराउन तल प्रकरण-प्रकरणमा खुलाई  संबिधानका धारा ४६ तथा १३३ (२) र (३) बमोजिम असाधारण अधिकार क्षेत्र गुहार्न आएका छौं न्याय पाउँ ।

(क) **उल्लिखित परियोजना प्रथमा दृष्टीमा (In Prima facie) नै** कानून विपरित कार्य र स्वीकृत भएको देखिन्छ ।  शुरुमा सम्भाब्यता तथा वातावरण अध्ययनको लागि प्रत्यर्थी सांग्रिला उर्जा प्रा.लि ले २०७५।४।२० देखि २०७७।४।१९ मा सक्ने गरी सर्भेक्षण अनुमति (संख्या वि.वि.वि. ०७५/०७६

[1] सिङसा भोटे भाषामा दोभान भनी जनिने छुट्टै खोला

वि.उ.स.१०२६) लिएको र सो **अनुमतिमा जलको स्रोत छुजुङ खोलामात्र** उल्लेख छ । पछिल्लो पटक मिति २०७८ ।०५।१८ मा नवीकरण गरी २०७८।०४।१९ सम्मको सर्वेक्षण अनुमति दिएको । मिति २०७८।१२।१७ सार्वजानिक सुनुवाई गर्न भेला गरिएको तर विवाद भई गर्न नसकिएकोमा उपस्थितिमात्र भएको खाली कागजमा किर्ते गरी निर्णय थप गरेको । मिति २०७९।०१।०४ मा प्रत्यर्थी विधुत विकासले सोहि मितिको निर्णय अनुसार नया मुहान लारिघाङ र तिक्तपुक हिमाल बीचबाट आउने छुट्टै मुहान भएको अलग्गै छुमछाम (छुनजम) खोलाको पानी समेत प्रयोग गर्ने गरी नया स्रोत थपी अनुमतिपत्र संशोधन गरेको । यसको निर्णयको आधार नखुलाई र त्यसबाट पर्ने प्रभाव अध्ययन तथा सार्वजानिक सुनुवाई नै नगरी नया श्रोत थप गरेको छ । वातावरण अध्ययन प्रतिबेदनमा पहिले अनुमति लिएको छुजुङ खोलाकोमात्र अध्ययन गरिएको छ । २०७८ सालमा स्थलगत अध्ययनबाट प्राप्त स्रोत भनी वातावरण अध्ययन प्रतिबेदनमा छुजुङ खोलामा पाइने Macroinvertebrates र Planktons (तलिका १० र ११ पृ. ) मा लेखिएको छ । छुनजम खोलामा पाइने केहि विवरण छैन । यसबाट खोला स्रोत थपमात्र नभई मिति २०७९।०३।२७ मा सर्वेक्षण अनुमतिको क्षेत्र नै शंसोधन गरेको छ (पृ. १७५) यस्तोमा वातावरण संरक्षण ऐन २०७६ को दफा ११, ऐ. दफा १६ तथा वातावरण संरक्षण ऐन २०५३ को दफा ३, ४, ५, ६(२) समेतले पुरक वातावरण अध्ययन वा वातावरण अध्ययन नै गर्नुपर्ने तोकिएको छ । ऐ.दफा ३, ऐ.दफा ४, ऐ दफा ६ क, ऐ दफा १८ वातावरण संरक्षण ऐन २०७६ को दफा २ (ढ) ऐ दफा ३, ऐ दफा १३, ऐ दफा ४७ समेतको विपरित कार्य गरिएको हुनाले सम्पूर्ण प्रक्रिया पुरा गरी पुनः वातवारण प्रभाव मुल्यांकन र सार्वजानिक सुनुवाई समेत गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा छुनजम खोला थप गर्ने मिति २०७९। १।४ को निर्णय र मिति २०७९।०३।२७ को अनुमति क्षेत्र संशोधनको २०७९।३।२२ को निर्णय तथा मिति २०७९। । को विद्युत उत्पादन अनुमति को निर्णय खारेज गरी पुनः हामी रिट निबेदक तथा समुदायले बोल्ने र बुझ्ने भाषामा प्रष्ट र प्रभावकारी सूचना दिई प्रत्येक घरधुरीबाट उपस्थित हुने गरी पुनः वातावरणीय अध्ययन गरी मानिस, तथा संरक्षित जीवजन्तु, वातावरण जैविक विविधता, साँस्कृतिक सम्पदा संरक्षण हुने वातवारणीय अध्ययन प्रतिबेदन तयार गर्न प्रत्यर्थीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ ।

(ख) लुम्बसाम्ब हिमालमा मुहान रहेको थुदाम हुँदै बाह्रै महिना निरन्तर बग्ने छुजुङ खोला र हिमालमा नै मुहान भएको छुनजम् खोला लुङबसाम्ब भूपरिधिको महत्वपूर्ण जलाधार हो । यस भेगको प्रकृति, वातावरण, जैबिक विविधता, पर्यावरणको आधार भएको छुजुङ खोला र छुनजम खोला हुन् । यी खोलाहरु ल्होमि सिंङसा समुदायको जन्मदेखि मुत्युपर्यान्त साँस्कृतिक धार्मिक आध्यत्मिक तथा मुल्य मान्यतासँग अन्योन्याश्रित सम्बन्ध रहेको छ । रिट निबेदक समुदायको साँस्कृतिक मुल्य मान्यता र आस्था (Cultural value and beliefs system) अनुसार जिवित आत्मा (Living Spirit) रहेको मानिन्छ , यी खोलाहरुलाई हरेक मानवीय संकट पर्दा पूजा गर्ने मानमनितो गर्ने परम्परादेखि नै चली आएको छ । खोला वरीपरिका रुख विरुवा, जीवजन्तु, किटपतंग कसैलाई पनि हानी पुऱ्याए जथाभावी गरिएमा अनिष्ट हुने गहिरो विश्वास तथा मान्यता यस समुदायसँग छ । यसर्थ, समुदायले आफ्नो जीवन, अस्तित्व, संस्कृति, परम्परागत ज्ञान र जिवन पद्धती (way of life) सँग जोडिएको यस खोला तथा

भूपरिधिको सम्मान, संरक्षण र दिगो उपयोग परापुर्बकालदेखि हालसम्म अविछिन्नरुपमा गरी आएको हुनाले ल्होमि सिङसा समुदायको संरक्षकत्वको पहिलो अधिकार (First Right of Custodianship ) छ । यस अधिकारलाई संविधानको धारा ५१ (छ) (१) ले स्थानीय समुदायलाई संरक्षण, सम्बर्द्धन र दिगो उपयोगको लागि प्राथमिकता र अग्राधिकार दिन्छ । संविधानको धारा १८ (२), (३) ले धर्म, जात, जाति, भाषा, वैचारिक आस्था आदिको आधारमा कानून प्रयोग लगायतमा अधिकार उपभोगमा बन्देज गराउने गरी राज्यले भेदभाव गर्न मिल्दैन । तर यी मौलिक हक तथा अधिकारलाई प्रत्यर्थीहरुले उल्लंघन गरेका छन् ।

(ग) लुम्बसाम्ब भूपरिधि वा त्यस भेगका सम्पुर्ण क्षेत्र वातावरण तथा जैविक विविधताको हिसाबले अत्यन्तै संबेदनशील र महत्वपुर्ण छ । रुबि, क्वार्ज तथा अन्य मुल्यवान (प्रमाण यसैसाथ छ) खनिजहरु रहेका र यी कुराहरु समुदायको मान्यताहरु अनुसार पवित्र सम्पदा (Sacred of heritages) हुन् । तलमाथी गरे समुदायमा अनिष्ट हुन्छ भन्ने विश्वासकै कारण ती बहुमूल्य राष्ट्रको नीधि समुदायले अहिलेसम्म सुरक्षित राखेको छ । अतिलोपोन्मुख जीवजन्तु रेड पाण्डा, हिउँ चितुवा, हिमाली रातो भालु, रुख भालु, कस्तुरी मृग, सुनौलो हाँस, डाँफे, मुनाल (लिष्ट यसैसाथ संलग्न छ) को बासस्थान तथा कोरिडोर यसै क्षेत्रमा छ । राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० तथा ऐ. को अनुसूची १ अनुसार यी संरक्षित बन्य जन्तु पर्दछन् । अति दुर्लभरुपमा देखा पर्ने बनमान्छे पनि यसै क्षेत्रमा देखिने गर्छ । जैबिक विविधता महासन्धि १९९२ को नेपालले नोवेम्बर १९९३ मा हस्ताक्षर गरी पक्ष राष्ट्र बनेको हैसियतले ऐ. धारा ८ (ए), (सी), (डी) र (इ) अनुसार कानूनी, नीतिगत वा अन्य उपायबाट यी जैबिकतालाई प्राकृतिकरुपमा (In situ conservation) संरक्षणगर्ने दायित्व रहेको छ । ऐ को धारा ८ (जे) अनुसार आदिवासी र स्थानीय समुदायको जैविक बिविधता संरक्षण गर्ने परम्परागत जीवन शैली ज्ञान, अभ्यासलाई कानूनीरुपमा सम्मान, संरक्षण र निरन्तरता दिने दायित्व तथा नेपालको संविधान, २०७२ को धारा ५७ (४), ऐ. २१४(२), ऐ. २२१ (२) र ऐ २२६ (१) र ऐ. अनुसूची ८ (१०)र २१ समेत अनुरुप स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी ऐन २०७८ (यस पछि ऐन भनिएको र स्थानीय राजपत्रमा प्रकाशित मिति २०७८।०३।३१ रहेको), तथा भोटखोला गाउँपालिका लुङबसाम्ब भूपरिधि जैविक–सँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र ब्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ जारी गरेको छ । यी कानूनहरुले कार्बन संचयले महत्वपूर्ण पिटल्याण्डहरु रहेका, जैविक दृष्टीले लोपोन्मुख हिमचितुवा, कस्तुरी, रेडपाण्डा (हाब्रे) कालो भालु, नाउर, डाँफे मुनाल, सुनौला हाँस (Golden Ducks) विभिन्न बनस्पति रहेका छन् (प्रस्तावना कार्यविधि ) । यसक्षेत्र ( कञ्चनजंघा र मकालु हिमाल बीचको भोटखोला गा.पा.को पुर्वमा ताप्लेजुङ जिल्लाको मिक्वा खोला गा.पा., पश्चिममा अरुण नदी, उत्तरमा मित्र राष्ट्र चीन र दक्षिणमा भोटखोला गा.पा. ५ वाम्सुवा खोला चार किल्ला रहेको भित्रै परियोजनाका संम्पुर्ण संरचना पर्दछ ) यस क्षेत्रमा कार्यविधिले निषिद्ध गरिएका कार्यहरुः सिमेण्ट प्रयोग गरेर भौतिक संरचना निर्माण गर्न (नम्बर ५ (ङ), कुनै पनि प्रयोजनकालागि खोला तथा नदीलाई फर्काउन वा मोड्न (डाइभर्ट) गर्न ( नं. ५ (ठ)), पूर्वाधार विकासमा डोजर स्क्याभेटर जस्ता उपकरण प्रयोग गर्न (नम्बर ५ (ड)), चट्टान फुटाउन ब्लास्टिङ गर्न, खानी जलश्रोत र जलाधारका उत्खननका कार्य पर्दछन् । ऐनको दफा ३ घ अनुसार लोपोन्मुख

बनस्पति, जडीबुटी, बन्यजन्तु, जलस्रोत, जलाधार र बन जंगलको विनास हुन नदिने, ऐ दफा ३ (क)अनुसार जैविक विविधता संरक्षण गर्नेलगायतका उल्लिखित कानूनी ब्यवस्थाहरुको कार्यान्वयन गर्नेबारे कुनै ठोस विषय वातवारणीय अध्ययन प्रतिवेदनमा देखिदैन । अर्कोतर्फ, माथी उल्लिखित संरक्षित जीवजन्तु रातो पाण्डा, मृग, हिमाली रातो भालु तथा पंक्षी सुनौलो हाँस, डाँफे र मुनाल लगायतका त्यस क्षेत्रमा पाइने धेरै जीवजन्तु वातावरण अध्ययन प्रतिबेदनमा पारिएको छैन । मिति २०७८ सालदेखि तथा परियोजनाका शुरु सर्भे गर्ने दौरानमा जथाभावी बन्यजन्तुको अबैध शिकार बनफढानी परियोजना कै कारण बढेको विषयमा प्रमाण सहित प्रत्यर्थीहरुलाई उजूर गरिएकोमा त्यसलाई रोक्ने र दोषीलाई कारबाही गर्ने कार्य प्रत्यर्थीहरुले गरेका छैनन् (उजूरीको प्रमाण यसैसाथ छ)।

यस आयोजनाले छुलुङमा सामुदायिक बनको ११ हेक्टर (२१६.१५ रोपनी)र सामुदायिक, सार्बजानिक तथा राष्ट्रिय बनको १२ हेक्टर (२३५.८ रोपनी) गरी जम्मा करीब ४५२ रोपनी जग्गा परियोजनाले लिएको देखिन्छ जुन लुङ्ब साम्ब भु परिधिको क्षेत्र भित्रसमेत पर्दछ) । परियोजनाको शुरु सर्भे तथा २०७८ साल देखि नै जथा भावी चाँपलगायतका हजारौं बर्षदेखिको रुखहरु ढालफाँड गरिएको विना इजाजत क्याम्प साइड बनाएको,बन ऐन २०४९ को दफा २२ तथा ऐ. नियमावली २०५१ को नियम ७, ८, १७ विपरित विना अनुमति, छपान कटान नगरी नै त्यसको प्रमाण सहित प्रत्यर्थीहरुलाई मिति उजूर गरिएको छ, यस विषयमा जिल्ला सामुदायिक बन उपभोक्ता महासंघ, विभिन्न सञ्चार माध्यम, जनजाति महासंघ लगायतले कुरा उठाइएको छ (प्रमाण यसैसाथ छ) । यस विषयमा समुदायका ज्येष्ठ जिम्मेवार नागरिक, धार्मिक गुरु, सांस्कृतिक प्रतिनिधिहरुले यस परियोजनाको कामकारबाहीबाट समुदायको आर्थीक, सामाजिक, साँस्कृतिक आध्यात्मिक विषयमा गम्भीर असर पार्ने देखिएकोले बारम्बार विमति जाहेर गरिएको (भिडियो रेकर्ड यसै साथ छ) तर त्यसबारे प्रत्यर्थीहरुले कुनै कारबाही गरिएको छैन । यसबाट प्रत्यर्थीहरुको कार्यले वातावरण, पर्यावरण र जैविक विविधता विनास गर्ने प्रष्ट देखिन्छ ।

(घ) प्रकरण (ख) मा उल्लेख गरिएका कुराका सार्थै हिमाली क्षेत्र, हिमताल र जलाधार क्षेत्र भएकोले पहिरो जस्तो अत्यन्त जोखिम रहेको क्षेत्रमा प्रत्यर्थीहरुले गरेको वातावरण अध्ययन प्रतिबेदनमा यसलाई जोगाउने र संरक्षण गर्ने विषय परेको छ छैन त्यसलाई विनाकुनै अनुसन्धान, जाँचबुझ र बिश्लेषण विना प्रतिबेदनलाई स्वीकृत दिएको देखिन्छ । वातावरण अध्ययन प्रतिबेदन पारित गर्ने मिति भन्दा अगावै मिति .......... मा हेलि प्याड बनाउने र सर्भे गर्न जथाभावी बन जंगलको ढालफाँड गरिएको र बन्यजन्तुको चोरी सिकार भएको थियो । वातावरण अध्ययन प्रतिबेदन यति हचुवा छ कि आयोजना क्षेत्रमा नभएको याङला गाउँ प्रभावित भनी उल्लेख गरेको छ । त्यस क्षेत्रमा बसोबास नै नभएको क्षेत्री जाती राखिएको छ । परियोजनाले प्रभावित च्यामताङ गाउँ एकै ठाउँमा झुरुप्प बसोबास रहेको जम्मा १११ घरधुरीमा महिला २४६ र पुरुष संख्या २४८ गरी जम्मा जनसंख्या ४९४ रहेकोमा वातावरण अध्ययनमा २५ घरधुरी र जम्मा १०८ जनसंख्यामात्र देखाइएको छ । यसबाट प्रत्यर्थीहरुले हचुवापुर्ण तरिकाले परियोजना निर्माण तथा संचालन गर्ने, समुदाय, बातावरण तथा जैविक विविधता नष्ट गरेर ब्यापारिक लाभ लिन उद्दत छन् भन्ने देखिन्छ । यसबाट प्रत्यक्षरुपमा हामी रिट निबेदक तथा

समुदायको प्रत्यर्थीहरुले संविधानको धारा ३० ले प्रत्याभूत स्वच्छ बातावरणमा बाँच्न पाउने हकको उल्लंघन गरेका छन् । माथी उल्लिखित प्रचलित कानूनहरुका अलावा वातावरण संरक्षण ऐन २०७६ दफा ७ विपरित र संविधानको धारा ५१ (छ) (१), (५), (६), (७) समेतले संरक्षित वातावरण न्याय ( Environmental Justice) को हनन् प्रत्यर्थीहरुबाट भएको छ ।

(ङ) प्रत्यर्थीहरुले बदनियतपूर्बक, छलछाम , किर्ते (Fraud) गरी हामी प्रभावित रिट निबेदक, समुदाय तथा सम्बन्धित निकायहरुलाई गुमराहमा राख्ने गरी कानून विपरित सार्बजानिक सुनुवाई गराइएका छन् । मिति २०७८।९।१९ गते सार्वजानिक सूचना नै जारी नगरी सार्बजानिक सुनुवाई गर्न खोजिएकोमा स्थानीयले ठूलो विरोध गरे पछि स्थगीत भएको थियो । त्यसपछि मिति २०७८।१२।२१ मा भोटखोला गाउँपालिका वडा नं २ कार्यालयमा सार्बजानिक सुनुवाईको सूचना टाँस गर्न अगावै मिति २०७८।१२।१७ सार्बजानिक सुनुवाई गरिएको माइन्युटबाट प्रष्ट देखिन्छ । बदनियत पुर्ण तरिकाले सार्बजानिक सुनुवाई गरेर सूचना टाँसेको प्रष्ट छ । यस विषयलाई विल्कुल ढाकछोप गरिएको छ । वातावरण प्रभाव मुल्यांकन प्रतिबेदनमा “छुजुङ खोला जलबिद्युतले प्रत्यक्ष प्रभावित हुने घरधुरी छैनन्” भनी सरासर गलत कुरा उल्लेख गरिएको छ । गोरखा जिल्ला, सभापोखरी गा.पा. जस्ता स्थानहरु राखेर वातावरण अध्ययन प्रतिबेदन पारित गराईको प्रकरण प्रकरणमा राखिएको तथ्य प्रमाणले प्रष्ट छ । यहि विषयलाई लिएर भोटखोला गाउँपालिकाले मिति २०७९। ०९।१४ पत्र संख्या ०७९/०८० ले परियोजनाको पुर्न अध्ययन गर्नुपर्ने, परियोजनाले सृजना गरेको समुदायको द्वन्द समधान नगरे अप्रिय घट्ना घट्ने र समस्याको समधान गरेरमात्र आयोजनाको गतिविधि अगाडि बढाउन पर्ने ठहर गरेको छ । यसरी गरिएको निर्णयहरु र झुठा सार्बजानिक सुनुवाई प्रथमा दृष्टिमा नै (In Prima facie) खारेज भागी छ । उत्प्रेषण आदेशले बदर गरी पाउँ ।

सार्बजानिक सुनुवाईको दिन उपस्थितिमात्र उठाइएकोमा पछिबाट विभिन्न प्रस्तावहरु लेखिएका छन् । ती थपिएका पछाडी कसैको सहिछाप देखिँदैन । भोट खोलाको च्याम्ताङ मा १११ घरधुरीमा महिला २८२ र पुरुष २७९ गरी जम्मा ४९८, रिदाकमा ७७ घरधुरीमा महिला १९९ पुरुष १८५ जम्मा ३८४, थुदाममा २२ घरधुरीमा महिला ४७ र पुरुष ४८ गरी जम्मा ९५ जना गरी १०४० जना छुजुङ खोला जलविद्युतबाट प्रत्यक्ष प्रभावित जनसंख्या रहेका छन् । वडा नं २ मा जम्मा जनसंख्या १७३९ रहेको छ । यसमा सार्बजानिक सुनुवाईमा जम्मा ६१ जना त्यसमा पनि एकै घरका धेरै सदस्य राखेर गरिएको सार्वजानिक सुनुवाई आफैमा किर्ते जालसाज र विश्वसनीय छैन । तस्बीरहरु हेर्दा बच्चा सहित बढिमा २३ जना रहेको देखिन्छ । अर्को तर्फ सार्बजानिक सुनुवाइको सारंश हेर्दा पनि जम्मा १० जना उपस्थिति देखिन्छ ( प्रमाण यसैसाथ संलग्न छ) । हचुवा पुर्ण वातावरण अध्ययन पारित गर्ने निर्णय बदरभागी भई उत्प्रेषणको आदेशले बदर गरीपाउँ ।

(च) हामी रिट निबेदकहरु तथा हाम्रो समुदायको एकमात्र परम्परागत पेशा चौरी गोठ राखी जीविकोपार्जन गर्ने समुदाय (Indigenous Pastoralist community) हौं र सोही बमोजिम गरी आएका

छौं । चौरीपालन गोठ खर्क चरीचरन समुदायको जीवन पद्धती हो । समुदायको ज्ञान सीप, संस्कृति पनि चौरी पालनसँग नै जोडिएको छ । भोटखोला गा.पा. वडा नं २ मा १४ घरधुरीका चौरी गोठ का ४५४ चौरी संख्या रहेको छ । भोटखोला गा.पा २ रिदाकमा ३८ घरधुरीका चौरी गोठ मा जम्मा ५२० चौरी छन् । छुन्जम खर्क, जिजिबुक खर्क लगायत ३० वटा खर्कचरनहरु समुदायले अनन्तकालदेखी अविछिन्नरुपमा हिँउदमा अवलको खर्क र बर्खाको समयमा लेकको खर्क लैजाने घुम्ती प्रणाली ( rotational grazing) गरी आएका छन् । बर्खायाममा ६ महिना नेपालको मित्र राष्ट्र चीनसँग जोडिएको सिमाना छेउ रहेका रारोङ, ल्हेस, स्यालुङ, राम्दाङ, गेलेबुक लगायतका खर्कका विशाल क्षेत्रमा चरीचरन गरी आएका र हिउँदमा ६ महिना छुन्जम, जिजिबुक, सुक्केक, लारीगाङ खर्कमा चरीचरन गर्नेमा यी खर्कहरु परियोजनाले पुर्णरुपमा अतिक्रमण गरी चौरी चराउन बन्देज लगाउन थालेका छन् । हामी रिट निबेदक तथा समुदायले सामुदायिक ज्ञान सीप, अनुभवबाट जडीबुटी संकलन गरी जिबिोपार्जन गर्ने पुर्ख्यौली पेशा गरी आएका छौं (प्रमाण) यसैसाथ संलग्न छ । परियोजनाले खर्क चरन, जडीबुटी संकलन गर्ने स्थान अतिक्रमण गरेको कारण पुर्ख्यौली पेशाबाट बन्चित भई सो पेशामा संलग्नहरु विस्थापन हुने निश्चित् छ । यसलाई सम्बोधन गर्न परियोजनाको वातावरण अध्ययन तथा कुनै दस्तावेजमा कुनै कुरा उल्लेख छैन । पशुपालन र खर्कचरणमा आश्रित थुदामको २२ घर परिवार पेशागत/भौतिकरुपमा विस्थापित भई भोकभोकै पर्ने अवस्था आइपर्ने देखिन्छ । प्रत्यर्थीहरुको सम्पूर्ण कार्यले संविधानको धारा १७ (ङ) र (च) ले प्रत्याभूत आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, पेशा रोजगार र व्यवसाय गर्ने स्वतन्त्रता, ऐ.धारा १८ ले प्रत्याभूत समानताका हक, ऐ. धारा ३६ ले प्रत्याभूत खाद्य अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र खाद्य सम्प्रभुताको हक, ऐ धारा ३३ ले प्रत्याभूत स्वरोजगारीको हक प्रत्यर्थीहरुले हनन् गरेका छन् ।

(च) माथी उल्लिखित खर्कचरनहरु घरपालुवा चौरीहरुकोलागिमात्र नभई नाउर लगायतका बन्यजन्तुहरु चरीखेली बाँच्नकोलागि अपरिहार्य छन् । उत्तरी छिमेकी चीनको सीमामा रहेका खर्कहरु चौरी पालनकै कारण नेपालको दखलमा रहेको छ । चौरी पालन ब्यावसायबाट विस्थापन हुनसाथ त्यस भेगमा कोही मानिसहरु नबस्ने र नजाने भएकोले नेपालको आफ्ना भुभाग हकभोगको अवस्था नरही सीमा सुरक्षासमेत नरहने हुँदा यस विषय देश कै सम्प्रभुतासँग जोडिएको हुनाले चौरी पालन र खर्क सुरक्षित नगरी नहुने देखिन्छ । त्यसको सुरक्षाको लागि प्रत्यर्थीहरुबाट कुनै कार्य भएको अवस्था छैन ।

(छ) माथी प्रकरण-प्रकरणमा उल्लिखित परियोजनाले विनास गर्न लागेका वातावरण, पर्यावरण र जैविक विविधता रिट निवेदक तथा रिट निबेदकले प्रतिनिधित्व गर्ने समुदायको जीवन शैली, संस्कृति, सांस्कृतिक सभ्यता, मुल्यमान्यता, अभ्यास अनुरुप अविछिन्नरुपले संरक्षण गरी आएको छ । समुदायको संस्कृति र प्रथाजनित अभ्यासलाई वातावरण संरक्षण ऐन २०५३ को दफा २ (क) वातावरण संरक्षण ऐन २०७६, २ (न), भोटखोला गाउँ स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्बन्धी ऐन, २०७८ को प्रस्तावना, ऐ को दफा १९ ले समेतले मान्यता तथा महत्व दिएको छ । नेपाल पक्ष रहेको आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रको धारा ३१ को ब्यवस्था Indigenous

Peoples have the right to maintain, control, protect and develop their cultural heritage, traditional knowledge and traditional cultural expression, अर्थात् आदिवासीहरुलाई सांस्कृति सम्पदा, परम्परागत ज्ञान, सांस्कृतिक क्रियाकलापहरु कायम राख्ने, नियन्त्रण, संरक्षण र विकास गर्ने अधिकार हुनेछ । ऐ को धारा ८ को ब्यवस्था Indigenous People and individuals have the right not to be subjected to ... destruction of their culture अर्थात् समुदाय तथा ब्यक्तिको संस्कृति विनास हुने विरुद्धको अधिकार ऐ को धारा ८ (२) (बि) को ब्यवस्था Any action which has the aim or effect of dispossessing them of their lands territories or resources. अर्थात भूमि, भुक्षेत्र वा स्रोतहरुबाट अलग गर्ने कार्यबाट राज्यले प्रभावकारी संयन्त्रको माध्यमबाट जोगाउन पर्ने । अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९को धारा धारा १४ अनुसार ... to use lands not exclusively occupied by them, but to which but they have traditionally had access for their subsistence and traditional activities. अर्थात् परम्परागतरुपमा जीवन निर्वाहका लागी गरिअएका क्रियाकलापलाई सुरक्षित गर्नुपर्दछ । नेपाल पक्ष रहेको अमुर्त सम्पदा सम्बन्धी युनेस्को महासन्धि २००३ को धारा २ ले परिभाषा भित्र पर्ने माथी उल्लिखित सिंङसा ल्होमी समदायको “अमुर्त सम्पदा” ऐ को धारा ११ समेतले राज्य तथा समुदाय भएर यसको संरक्षण गर्ने दायित्व दिएको छ । यसको अलावा निबेदक तथा सम्बन्धित समुदायका, संविधानको धारा ३२ (२) ले रिट निबेदक र सम्बन्धित समुदायलाई प्रत्याभुत सांस्कृतिक जिवनमा सहभागी हुने तथा ऐ. धारा ३२ (३) ले प्रत्याभूत संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संर्बद्धन र संरक्षण गर्ने हक प्रत्यर्थीहरुले कुण्ठित गरेका छन् ।

(ज) माथी प्रकरणमा उल्लिखित खर्कचरणहरु परम्परागत तथा प्रथाजनित तरिकाले ब्यवस्थापन, संरक्षण र उपयोग गरी आएका सामुदायिक सम्पत्तिहरु हुन् । यी सम्पत्ति समुदायको संरक्षकत्व र उपयोगमा तात्कालिन कानूनी ब्यवस्था अनुसार दिइएका खर्कचरण उपयोग सम्बन्धी रसिदहरुले देखाउँछ (प्रमाण यसैसाथ संलग्न छ) । पर्यटन सम्बन्धी ऐनको दफा ४(५) कार्यविधिको नम्बर २ (च), ऐ. ३ (ज) र मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद ५ दफा ३०१ ले परिभाषित सामुदायिक सम्पत्ति भएको, ऐ. दफा ३०७ ले सामुदायिक जग्गामा संरचना बनाउन नमिल्ने ब्यवस्था विपरित कार्य प्रत्यर्थीहरुले परियोजना निर्माण गरेका छन् ।

(झ) माथी प्रकरण प्रकरणमा उल्लिखित तथ्य, प्रमाण, कानूनी आधार तथा विश्लेषण अनुसार प्रत्यर्थीहरुले नेपालको संविधान २०७२ को धारा... , बातावरण संरक्षण ऐन, अन्तराष्ट्रिय कानून अनुसार प्रत्याभूत, हामी रिट निबेदक तथा समुदायको मौलिक तथा कानूनी हक संरक्षण गर्न, वातावरण, पर्यावरण र जैबिक विविधता संरक्षण गराई पाउन तथा मुलुक कै सार्बभौमिकता संरक्षण गर्न गराउन नेपालको संविधान २०७२ को धारा ४६ ऐ.को धारा १३३ (२), (३) तथा सर्बोच्च अदालत नियमावली २०७४ को नियम ४९ अनुसार प्रत्यर्थीहरुको गरेका गैरकानूनी निर्णय उत्प्रेषणको आदेशले बदर गरी परमादेश लगायत जो चाहिने आज्ञा वा आदेश जारी गरीपाउँ ।

(१) प्रत्यर्थी विद्युत विकास विभागले मिति २०७९। । । छुनजम खोलालाई समेत विना स्थलगत अध्ययन,विना अनुमति, वातवारणीय अध्ययन नै नगरी दिइएको उत्पादन अनुमतिको निर्णय लगायत सो सम्बन्धी प्रत्यर्थीहरुले भए गरेका सम्पुर्ण निर्णय उत्प्रेषणको आदेशले बदर गरी पाउँ ।

(२) हामी रिट निबेदक, रिट निबेदकहरुले प्रतिनिधित्व गर्ने हाम्रो समुदायको एकमात्र अनन्तकालदेखि नै समुदायले ब्यवस्थापन, संरक्षण गरी चौरी गोठ राखी चराई आएको छुन्जम र जिजिबुकलगायत खर्क जस्तो सामुदायिक सम्पत्ति अतिक्रमण गर्ने गरी डिजायन गरेको र त्यसलाई स्वीकृत दिने प्रत्यर्थीहरुको निर्णय उत्प्रेषणको आदेशले बदर गरी प्रभावित समुदाय, गा.पा., रिट निबेदकहरुलाई समावेश गरी उक्त खर्कमा समुदायको निरन्तर पहुँच, ब्यवस्थापन र संरक्षण गर्न गराउन प्रत्यर्थीहरुको नाममा परमादेशको आदेश जारी गरीपाउँ ।

(३) समुदायले परम्परादेखि नै निरन्तर गरी आएको एकमात्र जिविको पार्जनको आधार चौरी गोठ तथा यससँग जोडिएको खर्कबाट विस्थापन गर्ने जडीबुटी संकलन गरी जिविकोपार्जनबाट विस्थापन गर्ने कार्य नगर्न नगराउन तथा परम्परागतरुपमा गरी आएको जिविकोपार्जनलाई निरन्तरता दिने गरी वातावरण अध्ययन लगायतका दस्तावेजमा स्पष्ट उल्लेख गर्न परमादेश लगायत जो चाहिने आज्ञा वा आदेश जारी गरीपाउँ ।

(४) संरक्षित बन्यजन्तु रेड पाण्डा, कस्तुरी मृग, सुनौलो हाँस, हिम चितुवा लगायतको बासस्थान तथा कोरीडोर जोगाउनेसाथै, साइटिकमा सूचीकृत बनस्पति जोगाउन वातावरण, पर्यावरण, जैविक विविधता संरक्षण गर्ने कुनै ठोस कार्य तथा उपायलगायतका विषय वातावरण अध्ययन प्रतिबेदनमा नभएको देखिएकोले वातावरण अध्ययन स्वीकृत गर्ने कार्य उत्प्रेषणको आदेशले बदर गरी पुनः वा पुरक वातावरण अध्ययन गरी ठोस कार्य योजना वनाई कार्यान्वयन गर्न गराउन परमादेश लगायत जो चाहिने आज्ञा वा आदेश जारी गरी पाउँ ।

(५) रिट निबेदक तथा सिंङसा ल्होमी समुदायको साँस्कृतिक, आध्यात्मिक, धार्मिक मुल्यमान्यता आँच आउने वा दखल गर्ने कुनै कार्य नगर्न नगराउन तथा रिट निबेदक र समुदायले पहिचान सहित सम्मान पुर्बक बाँच्न पाउने अवस्था सुनिश्चित गर्न गराउने परमादेश लगायत जो चाहिने आज्ञा वा आदेश जारीगरी पाउँ ।

(६) यथा अवस्थामा परियोजना संचालन गरे गराए रिट निबेदक, सिङसा ल्होमि समुदाय विस्थापनमा पर्ने, सम्मान पूर्बक बाँच्न पाउने हक कुण्ठित हुने, संरक्षित बन्यजन्तु विनास हुने, गैर कानूनीरुपमा स्वीकृति लिएको छुन्जम खोला अतिक्रमणमा पर्ने, वातावरण, पर्यावरण र जैविक विविधतामा गम्भीर नकारात्मक असर पर्ने, वातावरण, पर्यावरण र जैविक विविधता संरक्षणमा बनिएका कानूनहरुको कार्यान्वयन नहुनेलगायतका अपुरणीय क्षति हुने प्रबल सम्भावना भएको हुनाले सर्बोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम प्रत्यर्थीहरुले यस रिट निबेदनमा उल्लेख गरिएका गम्भीर कानूनी त्रुटी सच्याएर बन्य जन्तु, वातावरण, जैबिक विविधता संरक्षण गर्ने पुर्नः वा पुरक वातावरण अध्ययन कार्य नगरेसम्म वा यस रिट निबेदनको टुङगो नलालेसम्म प्रत्यर्थीहरुको नाममा अन्तरिम आदेश जारी गरी पाउँ । यस मुद्दालाई विषय गाम्भीर्यता हेरी अग्राधिकारमा राखी हेरीपाउँ ।

ञ) हाम्रा तर्फबाट मुकरर हुने कानून व्यावसायीको बहस जिकिरलाई समेत यसै रिट निवेदनको अभिन्न अंग मानीपाउँ ।

ट.	देहायको कागज प्रमाण पेश गरेका छौं । प्रमाणमा लगाई पाउँ ।

(१) मिति २०७५ ।४ । २० को अनुमति पत्र थान ........................................................१
(२) मिति २०७८।५। १८ को सर्वेक्षण अनुमतिपत्र नवीकरण थान......................................१
(३) मिति २०७९।१। ४ को श्रोत थपको पत्र थान ........................................................ १
(४) मिति २०७९।०३।२७ को अनुमति क्षेत्र संशोधन पत्र थान ...........................................१
(५) मिति २०७८।१२।१७ को सार्वजानिक सुनुवाई माइन्युत थान .......................................१
(६) सार्वजानिक सुनुवाईको सारंश थान.........................................................................१

ठ. यसमा लेखिएको कुरा ठीक छ झुठा ठहरे ऐन बमोजिम सहुँला बुझाउँला

निज वा.

इति सम्बत् २०८० साल भाद्र ... गते रोज .. शुभम् ........................................................